# किस्पाङ गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः ७) किस्पाङ गाउँपालिका, चैत्र महिना ३० गते, २०८० साल संख्याः १५

### भाग २

### किस्पाङ गाउँपालिका


किस्पाङ गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# घरपालुवा कुकुर बिरालो व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।१२।२६

प्रमाणिकरण मितिः २०८०/१२/३०

# घरपालुवा कुकुर बिरालो व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०

किस्पाङ गाँउपालिकाभित्र रहेका छाडा कुकुर बिरालो नियन्त्रण तथा घरपालुवा कुकुर बिरालोबाट हुने रेबिज नियन्त्रण गर्न, तथ्याङ्क, राख्न अद्यावधिक गर्न र कुकुर बिरालोको व्यवस्थापन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ कार्यान्वयन गर्न वाञ्छनीय भएकाले किस्पाङ गाउँ कार्यपालिकाले "घरपालुवा कुकुर बिरालो व्यवस्थापनसम्बन्धी कार्यविधि, २०८०" वनाई लागू गरिएको छ ।

परिच्छेद-१

**१। सङ्क्षिप्त नाम र प्रारम्भ :-**

क) यो कार्यविधिको नाम "घरपालुवा कुकुर बिरालो व्यवस्थापनसम्बन्धी कार्यविधि, २०८०" रहेको छ।

ख) यो कार्यविधि राजपत्रमा प्रकाशित मितिदेखि लागुहुनेछ ।

**२। परिभाषा :-विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्विधिमा:**

क) "घरपालुवा कुकुर" भन्नाले कुनै व्यक्ति वा संस्थाले आफ्नो घर-कम्पाउण्डभित्र व्यवस्थित गरी आफ्नो सोख वा सुरक्षाका लागि पालिएको कुकुर भन्ने बुझिन्छ ।

ख) "घरपालुवा बिरालो" भन्नाले कुनै व्यक्ति वा संस्थाले आफ्नो घर-कम्पाउण्डभित्र व्यवस्थित गरी आफ्नो सोख वा सुरक्षाका लागि पालिएको बिरालो भन्ने बुझिन्छ ।

ग) "गाँउपालिका" भन्नाले किस्पाङ गाँउपालिकालाई सम्झनुपर्छ ।

घ) "पशु सेवा शाखा" भन्नाले किस्पाङ गाँउपालिकाको पशु सेवा शाखालाई सम्झनुपर्छ ।

ङ) "वडा कार्यालय" भन्नाले किस्पाङ गाँउपालिका माहतमा रहेका ५ वटै वडा कार्यालय सम्झनुपर्छ ।

## ३। घरपालुवा कुकुर दर्ता गर्नुपर्ने:

१. गाँउपालिकाको अनुमति बिना कसैले पनि घरपालुवा कुकुर राख्न वा पाल्न पाउने छैन ।

२. कसैले घरपालुवा कुकुर राख्न वा पाल्न चाहेमा सो कुकुर गाँउपालिमा दर्ता गराई राख्न वा पाल्न सक्नेछन् ।

३. यो कार्यविधि प्रारम्भ हेने पूर्व नै राखिएका वा पालिरहेका घरपालुवा कुकुरहरुको हकमा यो कार्यविधि प्रारम्भ भएको ३ महिना भित्र दर्ता गरिसक्नु पर्नेछ।

४. यो कार्यविधि लागु भएपछि गाँपालिकाले घरपालुवा कुकुर दर्ताको लागि सूचना आव्हान गर्नेछ।

५. गाँउपालिकाले पहिलो पटकको लागि प्रत्येक वडामा घरपालुवा कुकुर दर्ताका लागि शिविर सञ्चालन गर्न सक्नेछ ।

## ४। घरपालुवा कुकुर/बिरालो दर्ता तथा नवीकरणका लागि निवेदन दिनुपर्ने:

१. कसैले घरपालुवा कुकुर राख्न वा पाल्न चाहेमा सो कुकुर दर्ताका लागि सम्बन्धित वडा कार्यालयमा अनुसूची १ बमोजिमको ढाँचाको निवेदन दिनुपर्नेछ ।

२. उपदफा १ बमोपिम निवेदन प्राप्त भएपछि वडा कार्यालयले आवश्यक जाँचबुझ गरी गाँउपालिकाको पशु सेवा शाखामा घरपालुवा कुकुर/बिरालोको दर्ता तथा प्रमाण-पत्र जारी गर्नेछ र पशु सेवा शाखाले कुकुर/बिरालो दर्ता गरी प्रमाण-पत्र दिनुपर्नेछ ।

३. कुकुर बिरालो धनिहरुले हरेक आर्थिक वर्ष सकिएका ३ महिना भित्र कुकुर दर्ता नवीकरण गराउनुपर्नेछ ।
४. उपदफा २ बमोजिमको दिईने प्रमाण-पत्रको ढाचा अनुसुची-२ बमोजिम हुनेछ ।
५. घरपालुवा कुकुर दर्ता /नवीकरण शुल्क रु.२५०/- (दुइ सय पचास मात्र ) शुल्क निवेदकले सम्बन्धित वडा कार्यालयमा बुझाउनुपर्नेछ ।
६. घरपालुवा बिरालो दर्ता/नवीकरण दस्तुर रु.१५०/- (एक सय पचास ) । उक्त शुल्क निवेदकले सम्बन्धित वडा कार्यालयमा बुझाउनुपर्नेछ ।

**५। "घरपालुवा कुकुर" दर्ता गराए वापत गाँउपालिकाले दिने सेवा सुविधाः**

गाँउपालिकाभित्र घरपालुवा कुकुरहरुको दर्ता गरेमा गाँउपालिकाले निम्न सेवा सुविधा दिन सक्नेछ ।

१. Rabies vaccine-1 dose (रेविज भ्याक्सिन- १ डोज)
२. दर्ता नं. सहितको खोप कार्ड वितरण गररिनेछ ।
३. आन्तरिक परजिवि विरुद्धको औषधि ।
४. गाउँपालिकाका भेटेरिनरी डाक्टरहरुद्वारा पशुसेवा शाखामा नि: शुल्क परामर्श तथा स्वास्थ्य परिक्षण ।

**६। घरपालुवा कुकुर सम्बन्धी अन्य व्यवस्था :**

१. आफुले पालेको कुकुर कुनै कारणबस कसैलाई स्थायी रुपमा हस्तान्तरण गर्नुपरेमा पशु सेवा शाखाको रोहबरमा दिने पक्षले लिने पक्षलाई स्वामित्व हस्तान्तरण गर्नुपर्नेछ ।
२. दर्ता भएका घरपालुवा कुकुर हराएमा कुकुर धनीले सोको जानकारी पशु सेवा शाखालाई गराउनुपर्नेछ ।

३. घरपालुवा कुकुर धनीहरुले आफुले पालेका कुकुरहरु आफ्नो घर तथा कम्पाउण्ड भन्दा वाहिर जथाभावी छाडा छोड्न तथा दिशा पिसाब गराउनु पाइने छैन।

४. घरपालुवा कुकुरहरुको दिशा पिसाब कुकुर धनीहरुले आफ्नो छरछिमेकिलाई असर नपर्ने गरी व्यवस्थापन गर्नुपर्नेछ ।

५. कुकुर धनीहरुले कुकुरहरुलाई लगाउनु पर्ने सम्पूर्ण रोगहरुको खोप तथा जुकाको औषधी समयमै लगाउने तथा खुवाउने कार्य गर्नुपर्नेछ ।

६. घरपालुवा कुकुरहरुको मृत्यु भएमा कुकुरधनीले सोको जानकारी पशु सेवा शाखालाई गराउनुपर्नेछ ।

७. घरपालुवा कुकुरहरुले कसैलाई टोकेमा वा कुनै प्रकारको क्षति पुर्याएमा त्यसको सम्पूर्ण उपचारमा लाग्ने खर्च तथा क्षतिपुर्ती कुकुरधनीले व्यहोर्नु पर्नेछ ।

**७। कुकुर व्यवसायसम्बन्धी व्यवस्था:**

१. कुकुर व्यवसायहरुले कुकुर खरिद बिक्री गर्नका लागि वडा कार्यालयमा व्यवसाय दर्ता तथा नवीकरण गर्नुपर्नेछ ।

२. कुकुर व्यवसायीहरुले कुकुर बिक्री गर्दा कुकुरहरुलाई पशु सेवा शाखामा प्रचलित कानून बमोजिम दर्ता गराएर मात्र बिक्रि गर्नुपर्नेछ ।

३. कुकुर व्यवसायीहरुले व्यवसाय नवीकरण गर्दा सो व्यवसाय मार्फत वर्ष भरी खरिद भएको बिक्रिको तथ्याङ्क बुझाउनुपर्नेछ ।

४. रेविज लगायतका प्राणघातक रोगलाई महामारीको रुपमा फैलिन नदिन कुकुर व्यवसायीहरुले पशु सेवा शाखा तथा कुकुर धनीहरुसँग सहकार्य गरी विभिन्न कार्यक्रम तथा शिविर सञ्चालन गर्न सक्नेछन् ।

**८। दण्ड जरिवाना सम्बन्धी व्यवस्था:-**

यस कार्यविधिको प्रावाधान विपरीत कसैले कार्य गरेमा प्रचलित कानून बमोजिम जरिवाना तथा कारवाही गरिनेछ ।

**९। अनुगमन तथा निर्देशनः**

यो कार्यविधिमा भएको व्यवस्था कार्यान्वयन भए नभएको अनुगमन गर्ने तथा आवश्यक निर्देशन दिने जिम्मेवारी गाउँपालिका र सम्बन्धित वडा कार्यालयको हुनेछ ।

**१०। खारेजी र बचाउः**

१) यो कार्यविधि लागु हुनुपूर्व भए गरेका काम कारवाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

२) यो कार्यविधि प्रचलित कानून संग वाझिएमा बाझिएको हक सम्म स्वत निस्कृय हुनेछ ।

३) यो कार्यविधि आवश्यकता अनुसार कार्यपालिकाले परिमार्जन र सम्सोद्धन गर्न सक्ने छ ।

आज्ञाले

केदार प्रसाद खतिवडा

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची -१

(दफा ४(क) सँग सम्बन्धित)

मिति :-

श्री वडा अध्यक्षज्यू,

......नं. वडा कार्यालय,.........

विषयः- कुकुर/बिरालो दर्ता सिफारिस सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा किस्पाङ गाँपालकाको घरपालुवा कुकुर/बिरालो व्यवस्थापनसम्बन्धी कार्यविधि, २०८० को दफा ४ बमोजिम तपसिलअनुसारको विवरण भएको कुकुर/बिरालोको नाम दर्ता गरी पालन गर्न सिफारिस प्रदान गरिदिनुहुन अनरोध छ ।

कुकुर/बिरालोको विवरणः-

| | |
|---|---|
| कुकुर/बिरालोको धनिको नाम | |
| ठेगाना | |
| घर नम्बर | |
| कुकुर/बिरालोको जात,नाम | |
| रङ्ग | |
| उमेर | |
| लिङ्ग | |
| खुल्ला जमिनको क्षेत्रफल | |
| | |
| खोप लगाएको विवरण | रेविज<br>डिस्टेम्पर<br>अन्य |
| जुका विरुद्ध औषधि खुवाएको विवरण | |
| केही विवरण भएमा उल्लेख गर्ने | |

संलग्न कागजातहरुः

नगरिकताको प्रतिलिपि

निवेदक

नाम,थरः

कुकुर/बिरालोको खोप कार्डको प्रतिलिपी

ठेगानाः

दस्तखतः

कुकुर/बिरालोको फोटो

अनुसूची -२

(दफा ४(घ) सँग सम्बन्धित)

किस्पाङ गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
पशु सेवा शाखा
काहुले, नुवाकोट

दर्ता नं. :

मिति :-

घरपालुवा कुकुर/बिरालो दर्ता प्रमाण-पत्र

कुकुर/बिरालोको धनिको नामः.................................................................... घर नं.........................

ठेगाना नुवाकोट जिल्ला, किस्पाङ गाँउपालिका ,........... वडा नं........ टोल....................................................

नागरिकता नं. :

सम्पर्क नम्बर:

कुकुर/बिरालोको बोलाउने नाम:

जात:

कार्ड नं. :

रङ्ग :

उमेर :

लिङ्ग :

प्रमाण-पत्र जारी गर्नेको

नाम,थर :

दस्तखत :

पद :

## घरपालुवा कुकुर/बिरालो दर्ता प्रमाण-पत्र नविकरण

| क स | धनिको नाम थर | ठेगाना | दर्ता मिति | नवीकरण गरेको मिति | नवीकरण गर्ने अधिकारीको सही | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

**प्रमाणपत्र दर्ता/ नवीकरणको विवरण :**

| क्र.स. | धनिको नाम | ठेगाणा | घर नं | सम्पर्क नम्बर | कुकुर/बिरालोको जात | उमेर | फोटो | दर्ता/नवीकरण गर्ने अधिकारीको सही |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |